14th of November

National News

<u>मुख्य समाचार</u>

- आदिवासी सम्पदा र संस्कृति संरक्षणका लागि एनडीए सरकार प्रतिबद्ध  रहेको प्रधानमन्त्रीको भनाई
- गुरु नानक देव जीको 5 सय 55औं जन्म जयन्ती धूमधामसँग पालन
- महाराष्ट्रमा र झारखण्डमा विधानसभा चुनावका लागि प्रचार तीव्र
- 43 औं भारत अन्तर्राष्ट्रिय व्यापार मेलाको आज दोश्रो दिन;मेलामा देश-विदेशका 3,500 भन्दा बढी प्रदर्शकहरू सहभागी

<u>आदिवासी सम्पदा र संस्कृति संरक्षणका लागि एनडीए सरकार प्रतिबद्ध  रहेको प्रधानमन्त्रीको भनाई</u>

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले राष्ट्रिय लोकतान्त्रिक गठबन्धन सरकारको उच्च प्राथमिकता आदिवासी समुदायहरूको शिक्षा, उपचार र रोजगार रहेको बताउनुभएको छ।  उहाँले सरकारका विभिन्न कल्याणकारी योजनाहरू मार्फत आदिवासी समुदायलाई मूलधारमा समेटिएको बताउनु भयो।  उहाँले सात सयभन्दा बढी एकलव्य विद्यालय, आदिवासी अनुसन्धान केन्द्रहरू र विश्वविद्यालयहरू खोलिएको जानकारी दिनुभयो। प्रधानमन्त्रीले आज बिहारको जमुई जिल्लामा 6 हजार 6 सय करोड रुपैयाँभन्दा बढीको विकास परियोजनाहरूको अनावरण गरेपछि जनसभालाई सम्बोधन गर्दै हुनुहुन्थ्यो। प्रधानमन्त्रीले सरकार आदिवासी समुदायको सम्पदा र संस्कृतिलाई संरक्षण गर्न प्रतिबद्ध रहेको बताउनुभयो। उहाँले सरकारले आदिवासी समुदायको परम्परागत र लोक चिकित्सा प्रणालीलाई संरक्षण गरेको र अब विश्व स्वास्थ्य संगठनसँग सहकार्य गरी यसलाई व्यवस्थित गर्ने कार्यमा लागेको उल्लेख गर्नुभयो। प्रधानमन्त्री श्री मोदीले 'पीएम जनमन' र 'धरती आबा जनजातीय उत्कर्ष ग्राम अभियान' सुरु गरेको पनि बताउनुभयो। यस अभियानले आदिवासी समुदायलाई प्रत्यक्ष लाभ सुनिश्चित गरी उत्कृष्ट परिणाम दिएको छ। उहाँले जनजातीय उत्कर्ष ग्राम अभियान अन्तर्गत आदिवासी गाउँहरूको आधारभूत संरचना विकासका लागि 80 हजार करोड रुपैयाँ खर्च गरिने घोषणा गर्नुभयो।

प्रधानमन्त्रीले आदिवासी समाजका लागि यस्ता पहल तयार गरेकोमा राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुलाई विचारहरूको लागि धन्यवाद दिनुभयो। उहाँले आदिवासी बहुल जिल्लाहरूमा 'बिरसा मुण्डा गौरव उपवन' सुरु गर्ने घोषणा पनि गर्नुभयो।

प्रधानमन्त्रीले पूर्व-वर्ती सरकारहरूद्वारा आदिवासीहरूको गौरव, सम्पदा, संस्कृति र परम्पराको न्याय नगरेको भन्दै आलोचना गर्नुभयो। कांग्रेस पार्टीको आलोचना गर्दै उहाँले स्वतन्त्रतापछि तत्कालीन सरकारहरूले बिरसा मुण्डा, सिद्धू कान्हू र अन्य आदिवासी वीरहरूको योगदानलाई कम आँक्ने प्रयास गरेको तर एनडीए सरकारले त्यो दृष्टिकोण परिवर्तन गरेको बताउनुभयो।

प्रधानमन्त्री श्री मोदीले आज बिहारको जमुईमा बिरसा मुण्डाको 150औँ जयन्तीको अवसरमा आयोजित समारोहमा भाग लिनुभयो। बिरसा मुण्डाको जयन्तीलाई 'जनजातीय गौरव दिवस' को रूपमा मनाइन्छ। उहाँले भगवान बिरसा मुण्डाको सम्मानमा स्मारक सिक्का र डाक टिकट सार्वजनिक गर्नुभयो। प्रधानमन्त्रीले 'जनजातीय आदिवासी न्याय महाअभियान' (पीएम-जनमन) अन्तर्गत आदिवासी परिवारहरूका लागि निर्माण गरिएका 11 हजार घरहरूको 'गृह प्रवेश' कार्यक्रममा पनि भर्चुअल माध्यमबाट भाग लिनुभयो।

<u>गुरु नानक देव जीको 5 सय 55औं जन्म जयन्ती धूमधामसँग पालन</u>

भारत र विश्वभर आज गुरु नानक देव जीको 5 सय 55औं जन्म जयन्ती उल्लासपूर्वक पालन भयो। सबै धर्मका श्रद्धालु अमृतसर-स्थित श्री हरमिन्दर साहिब को(स्वर्ण मन्दिर) र अन्य गुरुद्वाराहरूमा दर्शन गर्न पुगेका थिए।

सिख धर्मका संस्थापक गुरु नानक देव जीको जन्म सन् 14 उनान्साठीमा भएको थियो। गुरु नानक देव जीका शिक्षाहरूले समानता, प्रेम र ईश्वरप्रतिको समर्पणलाई जोड दिन्छन्।

यसैगरि हरियाणाका मुख्यमन्त्री नायब सिंह सैनीले गुरुग्राममा एक हजार करोडको लागतमा निर्माण भइरहेको 7 सय  पलङ्ग-युक्त सरकारी अस्पतालको नाम श्री गुरु नानक देव जीको नाममा राखिने घोषणा गर्नुभएको छ।

<u>महाराष्ट्रमा र झारखण्डमा विधानसभा चुनावका लागि प्रचार तीव्र</u>

महाराष्ट्र र झारखण्डमा विधानसभा चुनावको तयारीले तीव्रता पाएको छ। सबै राजनीतिक दलका नेताहरू राज्यका विभिन्न क्षेत्रमा पुगेर प्रचार गरिरहेका छन्।

महाराष्ट्रको सांगलीमा आयोजित एक र्‍यालीलाई सम्बोधन गर्दै राष्ट्रवादी कांग्रेस पार्टी (शरद पवार) का प्रमुख श्री शरद पवारले भाजपाले संविधान परिवर्तन गर्न चाहेको आरोप

लगाउनुभयो। उहाँले समान विचारधाराका दलहरूलाई महाविकास अघाडीको छत्रछायाँमा भेला भएर यसको विरोध गर्न आह्वान गर्नुभयो।

शिवसेना (उद्धव ठाकरे)-का प्रमुख श्री उद्धव ठाकरेले छत्रपति संभाजी नगरमा सोयाबीनको न्यूनतम समर्थन मूल्य (MSP) घटेको विषयमा सत्तारूढ एनडीए गठबन्धन र महायुती सरकारप्रति आलोचना गर्नुभयो। उहाँले आफूहरूको सरकार आएमा सोयाबीनको न्यूनतम समर्थन मूल्य बढाइने आश्वासन पनि दिनुभयो।

यता, केन्द्रीय मन्त्री तथा भारतीय जनता पार्टीका वरिष्ठ नेता श्री अमित शाहले पनि प्रचार गर्ने बताइएको छ।

यसरी नै झारखण्ड विधानसभा चुनावको दोस्रो चरणका लागि पनि राजनैतिक दलहरूले प्रचारलाई तीव्रता दिइरहेका छन्। अहिले एनडीए गठबन्धन र आई.एन.डी.आई.ए. गठबन्धनका नेताहरू तीव्र प्रचारमा जुटेका छन्।

झारखण्डमा आयोजित चुनावी सभामा भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा रक्षामन्त्री श्री राजनाथ सिंहले झारखण्डका मुख्यमन्त्री श्री हेमन्त सोरेनको कडा आलोचना गर्नुभयो। उहाँले अब सोरेनलाई सत्ताबाट हटाउन र भाजपा सरकारलाई ल्याउन भोट दिनुपर्ने समय आएको बताउनुभयो। कांग्रेसका वरिष्ठ नेता श्री राहुल गान्धीले गोड्डामा आयोजित सभामा आई.एन.डी.आई.ए. गठबन्धन सत्ता आएमा सबै वाचा पूरा गरिने आश्वासन दिनुभयो।

राष्ट्रिय जनता दलका नेता श्री तेजस्वी प्रसाद यादवले देवघरमा आयोजित सभामा भाजपाले धर्म र जातिका नाममा समाजलाई विभाजन गर्न खोजिरहेको आरोप लगाउनुभयो।

झारखण्डमा दोस्रो चरणको मतदान 20 नोभेम्बरमा हुनेछ भने मतगणना 23 नोभेम्बरमा हुनेछ।

## 43 औं भारत अन्तर्राष्ट्रिय व्यापार मेलाको आज दोश्रो दिन;मेलामा देश-विदेशका 3,500 भन्दा बढी प्रदर्शकहरू सहभागी

43 औं भारत अन्तर्राष्ट्रिय व्यापार मेला नयाँ दिल्लीको भारत मण्डपममा जारी छ। वाणिज्य तथा उद्योग मन्त्री श्री पियूष गोयलले हिजो 14-दिन लामो मेलाको उद्घाटन गर्नुभएको हो। यस वर्षको मेलाको मुख्य विषय विकसित भारत 2047 हो। झारखण्ड यस वर्षको व्यापार मेलाको विशेष राज्य हो भने बिहार र उत्तर प्रदेश सहभागी राज्य छन्। आकाशवाणी समाचारसँग कुरा गर्दै बेंगलुरुका एक प्रदर्शकले वार्षिक मेलामा आफ्ना उत्पादन र सेवाहरू प्रदर्शन गर्न अवसर दिएकोमा खनिज मन्त्रालय र केन्द्र सरकारलाई धन्यवाद दिएका छन्। अर्का एक प्रदर्शकले पनि सरकारको व्यवस्थाको प्रशंसा गर्दै वार्षिक मेलाका लागि भारत मण्डपम स्थापना गरेकोमा

प्रधानमन्त्री श्री नरेन्द्र मोदीलाई धन्यवाद दिएका छन्।मेलामा भारत र विदेशका गरेर 3,500 भन्दा बढी प्रदर्शकहरू सहभागी छन्। मेलामा दैनिक लगभग 1 लाख दर्शक आउने अपेक्षा गरिएको छ। यो मेला 19 नोभेम्बरदेखि 27 नोभेम्बरसम्म सर्वसाधारणका लागि खुला रहनेछ। मेलाका टिकटहरू 55 वटा मेट्रो स्टेशन, भारत मण्डपमको मोबाइल एप र ITPO-को आधिकारिक वेबसाइटबाट उपलब्ध हुनेछन्। वरिष्ठ नागरिकहरू र दिव्यांगहरूका लागि टिकट निःशुल्क हुनेछ।

## S&P ग्लोबलको प्रतिवेदन: भारतको GDP वृद्धिदर 2027 सम्म 6.5%-7% बीचमा रहने अनुमान

देशको सकल घरेलु उत्पादन (GDP) वृद्धिदर 2027 सम्म वार्षिक 6.5% देखि 7% बीचमा बढ्ने अनुमान गरिएको छ। S and P ग्लोबल रेटिङ्सले आफ्नो नवीनतम प्रतिवेदनमा यसबारे जानकारी दिएको छ। प्रतिवेदनअनुसार संरचनात्मक सुधारहरू र राम्रो आर्थिक सम्भावनाहरूले भारतको आर्थिक वृद्धिमा योगदान पुऱ्याउनेछन्। उच्च माग र बलियो बैंक पुँजीकरणका कारण बैंक ऋण वृद्धि पनि तीव्र हुने अपेक्षा गरिएको छ।